मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोनः ०११-१४१२११२, ०११-१४१२११३, ०११-१४१२११४


पत्र संख्या २०७८/०७९

च. नं. १८६८

मिति - २०७९/०३/०१

## मेलमिलापकर्ता सूचीकृत तथा अध्यावधिक गर्ने सम्बन्धि सूचना

मण्डनदेउपुर नगरपालिका बाट जारी न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४ अनुसार स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) र (२) बमोजीम मेलमिलाप हुनसक्ने प्रकृतिका उजुरीका सम्बन्धमा कार्यविधीको दफा ५९ र ६० को प्रयोजनार्थ मेलमिलाप गराउन सूची तयार गरी नगर सभावाट अनुमोदन गर्नुपर्ने भएको हुँदा , आ. व. ०७९/०८० को लागी सूचीकृत तथा अध्यावधिक हुन यो सूचना जारी गरिएको छ । मण्डनदेउपुर नगरपालिका भित्र रहनुभएका आधारभूत तालिम प्राप्त मेलमिलापकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस न्यायिक समितिको सचिवालयमा सम्पर्क राखी आवेदन फारम भर्नुहुन सूचित गरिन्छ ।

**आवश्यक न्यूनतम योग्यता**

१. स्नातक तह उत्तीर्ण गरेको,
२. कुनै राजनैतिक दलमा आस्था राखी राजनितिमा सकृय नरहेको,
३. मेलमिलाप सम्बन्धि ४८ घण्टाको तालिम प्राप्त गरेको ,
४. २५ बर्ष उमेर पूरा भएको,
५. स्थानिय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको,
६. माथि योग्यतामा जुनसुकै कुरा लेखिएको भएतापनि तालिम प्राप्त गरी हाल सामुदायिक मेलमिलापकर्ताको रुपमा काम गरीरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. नागरीकता प्रमाणपत्रको प्रतिलिपि,
२. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,
३. मेलमिलाप सम्बन्धी तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,
४. पासपोर्ट साईजको फोटो दुई प्रति ।

पुनश्चः आ. व. २०७८/०७९ मा सुचिकृत भएका मेलमिलापकर्ताहरुले समेत पुनः सूची दर्ता गर्नुपर्ने व्यहोरा अनुरोध छ ।

डा. लोक बहादुर थोप्चन
प्रमुख प्रशासकिय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**


E-mail: mandandeupurmu@gmail.com, Websit...